# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय उच्चारण अवयवद्वारा उच्चारित वाक प्रतीकहरूको त्यस्तो व्यवस्था हो । जसको माध्यमबाट समाजका मानिसहरूले विचारको आदन प्रदान गर्दछन् । जसलाई सञ्चारको प्रणाली पनि भनिन्छ । यसको प्रयोग मानव समाजमा मात्र हुन्छ । भाषाकै माध्यमबाट व्यक्तिका इच्छा, चाहना, धारणा, मूल्य, मान्यताहरू प्रकटित हुन्छन् । त्यसैले भाषालाई व्यक्तिको आधारभूत आवश्यकताको रूपमा लिइन्छ । भाषाका मौखिक र लिखित गरी दुई रूप हुन्छन् । मौखिक रूप सुन्ने र बोल्ने प्रक्रियामा आधारित हुन्छ भने लिखित रूप पढ्ने र लेख्ने प्रक्रियामा आधारित हुन्छ । भाषा मूलतः सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग सम्बन्धित हुन्छ ।

भाषालाई विकसित रूपमा अगाडि बढाउन भाषिक सीपको आवश्यकता पर्दछ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपहरूको विकास गर्नु नै भाषा सिक्नु भनेझैं नेपाली भाषा शिक्षणको उद्देश्य भाषिक सीपहरूको शिक्षण हो । भाषा शिक्षणमा भाषाका विभिन्न विषयवस्तुहरू शिक्षण गरिन्छ । उच्चारण, बोध, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि विषयवस्तुको शिक्षण नभएर सिकिने भाषिक सीपहरूको शिक्षण हो ।

भाषाका चार सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपमध्ये लेखाइ सीपमा दिमाग, आँखा र हातको त्रिकोणात्मक संलग्नता हुन्छ(ढकाल,२०६७ पृ.२९१) । जसबाट अनुभव गरेका पढेका, देखेका, सुनेका कुराहरूलाई सुरक्षित राखी भविष्यका लागि समेत चाहेको बेलामा उपयोग गर्न सकिन्छ । लेखाइ सीपबाट व्यक्तिलाई सामान्य व्यक्तिभन्दा उच्च र मर्यादित बनाउँछ । जसमा भाषिक शुद्धता, विचारको स्पष्टता र क्रमबद्धताको अनिवार्यता रहन्छ । लेखाइ सीपमा अभ्यस्त हुनका लागि अनुलेखन, श्रुतिलेखन वस्तु तथा चित्रवर्णन, अनुच्छेद लेखन, कथालेखन, घटनावर्णन जस्ता विभिन्न कार्यकलाप अपनाइन्छ । जसमध्ये लेखाइसीपलाई अभ्यस्त बनाउने कार्यकलाप मध्ये घटनावर्णन पनि महत्त्वपूर्ण कार्यकलापको रूपमा लिइन्छ ।

विद्यार्थी अभिव्यक्ति कला अन्तर्गत पर्ने घटनावर्णन कार्यले मानवीय सेरोफेरोमा देखेका, भोगेका, अनुभव गरेका, सुनेका, विविध कुराहरूलाई आधार बनाइ लिखित तथा मौखिक रूपमा वर्णन गर्न लगाउने कार्यकलाप नै घटनावर्णन हो । यस कार्यकलापलाई कक्षाको स्तर हेरी घरदेखि विद्यालय सम्म आउदा जाँदाको यात्रा वर्णन र त्यसक्रममा देखेका भोगेका, सुनेका, भेटेका, थाहपाएका, कल्पना गरेका आदि विभिन्न कुराहरूको वर्णनदेखि लिएर कुनै पनि मेला चाडपर्व, शैक्षिक भ्रमण, वनभोज यात्रा भूकम्प, बाढी, पहिरो, युद्ध, सङ्घर्ष आदि विविध सन्दर्भलाई विषयवस्तु बनाएर भाषाका माध्यमबाट घटेका घटनालाई सिलसिलाबद्ध ढङ्गबाट मौखिक तथा लिखित रूपमा व्यक्त गर्न सक्ने, सिर्जनात्मक क्षमतालाई बलियो बनाउने महत्त्वपूर्ण कार्यकलापको रूपमा घटनावर्णनलाई लिइन्छ (पौडेल, २०७०, पृ.९५) ।

घटनावर्णन कार्यले विद्यार्थीहरूलाई स्वतन्त्र लेखन तथा मौखिक क्षमतातिर डोऱ्याउन, मौलिक तथा गहकिलो ढङ्गबाट मानवीय सेरोफेरोमा घटेका, देखेका, सुनेका, अनुभव गरेका विषयवस्तुलाई सम्झेर, कल्पेर शृङ्खलाबद्ध रूपमा लेख्य भाषामा सङ्गठित गर्ने लेखाइको गति वृद्धि गर्ने, सिर्जनात्मक लेखनकलाको जग बसाल्ने, शैली सौन्दर्य वृद्धि गर्ने तथा रोचक वर्णन र विस्तार क्षमता हासिल गर्ने जस्ता महत्त्वपूर्ण उपलब्धि विद्यार्थीहरूमा प्राप्त गराउनका लागि घटनावर्णनहरू कार्य महत्त्वपूर्ण मानिन्छ । अतः कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्ने सन्दर्भमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन शीर्षक शोधपत्र पूर्व निर्धारित कोटि पद्धतिमा आधारित रहेर तयार गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोध कार्यमा छनोट गरिएको शीर्षक रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता कस्तो छ भन्ने सन्दर्भमा पूर्व अनुमानमा तयार पारिएको यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेका छन् :

क) कक्षामा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता कस्तो छ ?

ख)   कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता आधारमा घटनावर्णन क्षमता कस्तो रहेको छ ?

ग)   कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमता कस्तो छ ?

## १.३   शोधको उद्देश्य

रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको पहिचान गर्नु नै प्रस्तुत शोधको उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू यस प्रकार छन् :

क)   कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता अध्ययन गर्नु

ख)   कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको अध्ययन गर्नु

ग)   कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन अध्ययन गर्नु ।

## १.४   शोधको औचित्य

भाषाका चारओटा सीपहरूमध्येमा अभिव्यक्ति क्षमतालाई दिगो र स्तरीयता प्रदान गर्ने सीप लेखाइ सीप हो । लेखाइलाई अभ्यस्त गराउन महत्त्वपूर्ण भूमिका खेल्ने कार्यकलापहरू मध्येमा घटनावर्णन पनि पर्दछ । भाषिक सीप विकासको महत्त्वपूर्ण कार्यकलाप घटनावर्णन हो । घटनावर्णनले विद्यार्थीहरूको अभिव्यक्ति क्षमताको विकास गराउँछ ।

घटनावर्णनका माध्यमबाट विद्यार्थीहरूले मानवीय सेरोफेरोमा देखेका, सुनेका, अनुभव गरेका घटनाहरूलाई सिलसिलाबद्ध प्रसङ्ग अनुरूप व्यक्त गर्ने क्षमताको विकास गराउन सघाउ पुऱ्याउने हुँदा भाषा शिक्षणमा घटनावर्णन कार्यकलाप गराउनु हरेक दृष्टिकोणबाट सान्दर्भिक र औचित्यपूर्ण हुने गर्दछ । विद्यार्थीहरूको तह र स्तर अनुरूप अभिव्यक्ति गर्न सक्ने कला र सीप विकासको बारेमा निर्क्यौल गर्न घटनावर्णन क्षमताको अध्ययन गर्नु औचित्यपूर्ण हुने गर्दछ । यसले विद्यार्थीहरूलाई सिर्जनात्मक क्षमताको

साथसाथै वर्णविन्यासगत शुद्धता बिराम चिह्नको उपयुक्त प्रयोग त्यसैगरी सानो घटनालाई पनि आफ्नो सीपको प्रयोग गरी सिङ्गो सङ्कथन निर्माण गर्नका लागि घटनावर्णन कार्यकलापले सघाउ पुऱ्याउने हुँदा घटनावर्णन कार्यकलाप गराउनु हरेक दृष्टिकोणबाट औचित्यपूर्ण हुने गर्दछ । यसले शिक्षकलाई शिक्षणका क्रममा सिकारुले गर्ने कमीकमजोरीहरू निराकरण गर्नका लागि यस अध्ययनबाट लाभ लिन सक्नेछन् । त्यसैगरी यस शोधकार्यले भाषिक अभिव्यक्ति क्षमताको विकास गर्न, शब्दभण्डार क्षमताको विकास गर्न जस्ता विभिन्न प्रयोजनका लागि यस अध्ययनले सघाउ पुऱ्याएको छ । त्यसैगरी घटनावर्णन लेखनसँग सम्बन्धित विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, शैक्षिक कार्यक्रममा आबद्ध व्यक्तिहरूका लागि पनि यस अध्ययन औचित्यपूर्ण रहेको छ । घटनावर्णन अभिव्यक्ति सीप अन्तर्गत पर्ने कार्यकलाप विद्यालय तहदेखि उच्च माध्यमिक तहसम्म विशेष महत्त्वका साथ हेरिएको अवस्थामाम कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको पहिचान, छात्र छात्रा बिचको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गर्न, त्यसैगरी पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्न यस अध्ययन मार्गदर्शक बनेको छ । स्नातकोत्तर तहमा निर्धारित क्षेत्रमा घटनावर्णन क्षमताको अध्ययन अनुसन्धान नभएको हुँदा रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन अनुसन्धान कार्य सान्दर्भिक तथा औचित्यपूर्ण रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधलाई निम्न सीमामा रही अध्ययन गरिएको छ :

प्रस्तुत अध्ययन रामेछाप जिल्लाको सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन लेखन क्षमतामा मात्र सीमित रहेको छ ।

(क) आठओटा विद्यालयका जम्मा ८० जना विद्यार्थीमा तिनै विद्यार्थीहरूलाई लैङ्गिकताका आधारमा छात्र ४० र छात्रा ४० जना र भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी ४० र अन्य भाषी ४० गरी सीमित गरिएको छ ।

(ख) अध्ययनका क्रममा जम्मा आठओटा सामुदायिक विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थीहरूमा मात्र सीमित रहेर अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

यस शोधको अध्यायन योजना निम्नानुसार रहेको छ -

अध्याय एक - शोधको परिचय

अध्याय दुई- पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणात्मक परिचय

अध्याय तीन- शोध विधि र अध्ययन प्रक्रिया

अध्याय चार- रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

अध्याय पाँच- लैङ्गिकताका आधारमा रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

अध्याय छ - भाषिक पृठभूमिका आधारमा रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

अध्याय सात- सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधशीर्षक रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन यसै शीर्षक सम्बद्ध भएर गरिएको शोधकार्यको समीक्षा निम्नानुसार गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

अधिकारी (२०६९) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा, शिक्षार्थीहरूले दैनिक जीवनमा देखेको, जानेका, अनुभव गरेका घटनाहरूको कक्षामा वितरण दिन लगाउनु उपयुक्त हुन्छ । यसले एकातिर विभिन्न घटनाको राम्रोसँग पर्यवेक्षण गर्ने अथवा जानकारी लिने उत्साह बढनुकासाथै त्यसै गर्ने बानी बस्छ भने अर्कातिर आ-आग्ना अनुभवलाई स्वतन्त्रताका  साथ क्रमवद्ध ढङ्गले वैयक्तिक मौलिकता समेत व्यक्त गर्ने सीप विकास हुन्छ भन्दै घटना वर्णन क्षमताको चर्चा गरेका छन् । यस पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्य गर्नका लागि सैद्धान्तिक धारणा निर्माण गर्न सहयोग गरेको छ ।

आचार्य (२०६४) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा लेखाइ सीप विकासका निम्ति तल्ला तहका विद्यार्थीहरूलाई उनीहरूले देखे, जानेका, सुनेका, पढेका, विषयमा वर्णन गर्न लगाउनु पर्दछ भने माध्यमिक तहका विद्यार्थीलाई उनीहरूले अनुभव गरेका वनभोज सिनेमा शैक्षिक भ्रमण जस्ता विषयवस्तुलाई आधार बनाई लिखित तथा मौखिक वर्णन गर्न लगाउनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा अभिव्यक्ति कार्यकलापको चर्चा भएकाले विद्यार्थीहरूको अभिव्यक्ति क्षमताको परीक्षण गर्नमा सहयोग पुऱ्याएको छ ।

ढकाल (२०६७) द्वारा लिखित 'नेपाली भाषाशिक्षणः परिचय र प्रयोग' नामक पुस्तकमा सिकारूको घरपरिवार टोलछिमेकमा वा विद्यालयमा भएका औपचारिक सम-विषम, परिस्थिति, सञ्चोबिसञ्चो अवस्था र दुर्घटना जस्ता विषयलाई आधार बनाएर वर्णन गराउनाले मौखिक अभिव्यक्ति क्षमताको विकास गराउने कुरा उल्लेख गरिएको छ । यस

पुस्तकमा अभिव्यक्ति कार्यकलापको चर्चा भएकाले विद्यार्थीहरूको अभिव्यक्ति क्षमताको परीक्षण गर्नमा सहयोग पुऱ्याएको छ ।

भण्डारी, ओझा र अन्य (२०६८) द्वारा 'नेपाली भाषा शिक्षण' पुस्तकमा विद्यार्थीहरूलाई कक्षामा खास वस्तु, चित्र वा घटना दिएर त्यसको वर्णन गर्न लगाउनु पर्ने कुरा उल्लेख गरिएको छ । प्रत्येक विद्यार्थीहरूलाई भिन्न भिन्न घटना दिएर वर्णन गर्न लगाउनाले उनीहरूको लेखाई सीप विकास हुने गर्दछ । विद्यार्थीले देखेका, सुनेका, मेला र चाडपर्व इत्यादि घटनाहरूको क्रमबद्ध वर्णन गर्न लगाएमा लेखाइ सीपको विकास हुने भएकाले घटनावर्णन आवश्यक भएको कुरा समेत उल्लेख गरिएको छ । प्रस्तुत पुस्तकमा उक्त पूवकार्यले घटनाको वर्णनसँग सम्बन्धित विभिन्न पक्षको विश्लेषण गर्नमा सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' पुस्तकमा लेखन सीप विकासका लागि घटनावर्णनलाई महत्त्वपूर्ण क्रियाकलापको रूपमा लिइएको छ । यसमा विद्यार्थीहरूले आफ्नो सेरोफेरोमा देखेका, सुनेका वा अनुभव गरेका घटनाहरूको प्रसङ्गलाई स्वतन्त्र रूपमा मौखिक र लिखित वर्णन गर्ने क्षमता विकास गर्न घटनावर्णनको कार्यकलाप गराउनुपर्ने कुरालाई जोड दिएका छन् । यस अध्ययनले विद्यार्थीको घटनावर्णन क्षमता परीक्षण गर्नमा थप सहयोग पुऱ्याएको छ । यस पुस्तकको अध्ययनले घटनावर्णन क्षमताको सैद्धान्तिक धारणा निर्माण गर्नुका साथै विद्यार्थीहरूको घटनावर्णन क्षमताको परीक्षण गर्न थप सहयोग पुऱ्याएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

गौतम (२०६७) द्वारा 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्नु त्यससँग सम्बन्धित कमीकमजोरीको निराकरण गर्नु र सुधारका लागि आवश्यक सुझाव दिनु उक्त अध्ययनका उद्देश्य रहेका छन् । यस अध्ययनमा क्षेत्रीय विधिको प्रयोग गरी सामुदायिक र संस्थागत विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा चयन गरिएको छ । उक्त अध्ययनको निष्कर्षमा नेपाली माध्यममा पढाइ हुने भन्दा अङ्ग्रेजी माध्यममा पढाइ हुने उ.मा.वि. कक्षा

बाह्रका छात्रा भन्दा छात्रको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त अध्ययन लेखन सीपसँग सम्बन्धित रहेकाले प्रस्तुत अध्ययनको अवधारणा निर्माण गर्न सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याएको छ ।

न्यौपाने (२०७२)द्वारा 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा समग्र विद्यार्थीहरूको चिठीलेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र विद्यार्थीहरूमा चिठी लेखनसम्बन्धी कमि कमजोरी पहिचान गरी निराकरणका उपाय सुझाउनु जस्ता उद्देश्यहरू राखिएका छन् । यस अध्ययनमा क्षेत्रीय विधिको प्रयोग गरी सामुदायिक र संस्थागत विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा चयन गरिएको छ । उक्त अध्ययनको निष्कर्षको रूपमा नेपाली मातृभाषी विद्यार्थीको भन्दा दोश्रो भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको र छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो पाइन्छ । उक्त शोधकार्यले प्रस्तुत अध्ययनको रूपरेखा तयार पार्ने कार्यमा सहयोग गरेको छ ।

ढकाल(२०७२) द्वारा 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ, विद्यालय प्रकृतिको आधारमा उक्त विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ र लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउनु जस्ता उद्देश्य रहेका छन् । यस अनुसन्धानका लागि महोत्तरी जिल्लाका पाँच/पाँच ओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट दश/दश जनाका दरले जम्मा गरी १०० जना कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई प्रविनिधि वा नमुना जनसङ्ख्याका रूपमा लिई मानकीकृत प्रश्नावली प्रयोग गरेर प्राप्त भएको तथ्याङ्कलाई तालिकीकरण, व्याख्या र विश्लेषण गरिएको छ । निबन्ध लेखन क्षमताको अध्ययनमा केन्द्रित भए तापनि उक्त शोधपत्रले प्रस्तुत अध्ययनलाई तथ्याङ्कको सङ्कलन व्याख्या विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

राई (२०७३) द्वारा 'इलाम जिल्लाका कक्षा ६मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । इलाम जिल्लाका

कक्षा ६ मा अध्ययनरत समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमतको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा उक्त विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु उक्त अध्ययनका उद्देश्य रहेका छन् । यस अध्ययनमा क्षेत्रीय विधिको प्रयोग गरी सामुदायिक र संस्थागत विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा चयन गरिएको छ । उक्त अध्ययनको निष्कर्षको रूपमा संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता उच्च रहेको छ । त्यसैगरी नेपाली मातृभाषी, विद्यार्थीभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता कमजोर रहेको कुरा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । घटनावर्णन क्षमतामा नै आधारित भए तापनि कक्षा र अध्ययन क्षेत्रको आधारमा यो अध्ययन फरक रहेको छ । यस अध्ययनबाट प्राप्त तथ्याङ्कको तुलनात्मक अध्ययन गर्ने आधार प्रदान गर्नमा सहयोग गरेको छ ।

शर्मा (२०७३) द्वारा तयार पारिएको 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन' नामक शोधकार्य तयार गरिएको छ। उक्त शोधकार्यको उद्देश्यहरू बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक रूप अध्ययन गर्नु उक्त अध्ययनका उद्देश्य रहेका छन् । प्रस्तुत शोधकार्यमा क्षेत्रीय विधिद्वारा बाँके जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको भिन्नतालाई औंल्याएको छ । साथै लैङ्गिक र भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीको घटनावर्णन क्षमता तुलनात्मक अध्ययनत गरिएको छ । बाँके जिल्लाका आठओटा विद्यालयहरूबाट जम्मा ८० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको छ । यसरी प्रस्तुत शोधमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको, नेपाली पहिलो भाषी विद्यार्थीभन्दा नेपाली दोश्रो भाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको, लैङ्गिक आधारमा छात्र विद्यार्थीहरूभन्दा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइयो । उक्त शोध कार्य घटनावर्णनक्षमतामै आधारित भएतापनि कक्षा र अध्ययन क्षेत्रका आधारमा यो अध्ययन फरक रहेको छ । उक्त शोत्रपत्रबाट सामग्री सङ्कलन, विश्लेषण र निष्कर्षमा पुग्न सहयोग पुगेको छ ।

निरौला (२०७३) द्वारा 'तेह्रथुम जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउनु, विद्यालय प्रकृति लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउने उद्देश्यहरू राखिएका छन् ।यस अध्ययनमा क्षेत्रीय विधिको प्रयोग गरी सामुदायिक र संस्थागत विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा चयन गरिएको छ । उक्त अध्ययनको निष्कर्षका रूपमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको र सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको कुरा उल्लेख गरिएको छ । घटनावर्णन क्षमतामा आधारित शोधकार्य यस शोत्रपत्र संग सम्बन्धित भए तापनि समग्र अध्ययनको विश्लेषण गरी निष्कर्षमा पुग्न उपयोगी पुगेको छ ।

लामा (२०७५) द्वारा 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता अध्ययन गर्नु, विद्यालय प्रकृतिको आधारमा घटनावर्णन क्षमताको अध्ययन गर्नु, भाषिक, पृष्ठभूमि र लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । काभ्रे जिल्लाका पाँचओटा सामुदायिक पाँचओटा संस्थागत जम्मा दशओटा विद्यालयका १२० जना विद्यार्थीबाट सामग्री संकलन गरिएको शोधकार्यमा प्रतिशताङ्क स्थिति हेर्दा विद्यार्थीको घटनावर्णन क्षमता उत्तम रहेको पाइन्छ  भने मध्यमानलाई हेर्दा समग्र विद्यार्थीको घटनावर्णन क्षमता कमजोर रहेको पाइन्छ ।सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । संस्थागत विद्यालयका नेपाली पहिलो भाषी विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका नेपाली पहिलो भाषी विद्यार्थीको घटनावर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसमा मध्यमान प्रतिशत आधारमा विश्लेषण गरी वृत्तचित्रमा प्रस्तुत गरिएको छ । घटनावर्णन क्षमतामा आधारित शोधकार्य यस शोधपत्र सँगै सम्बन्धित भए तापनि कक्षा र क्षेत्रगत दृष्टिले यो शोधकार्य उक्त पूर्व कार्यभन्दा भिन्न छ उक्त शोधकार्यको अध्ययनले समग्र अध्ययनका लागि मार्गनिर्देशन प्रदान परेको छ ।

माथि उल्लेख गरिएका विद्वानहरूको पाठ्यपुस्तकहरू तथा शोधार्थीद्वारा शोध गरेका विभिन्न शोधमा सम्बन्धित रहेर विद्यार्थीहरूका विभिन्न क्षमताको बारेमा अध्ययन विश्लेषण, अध्ययन प्रक्रिया, विधि जस्ता कुरामा अध्ययन विश्लेषण भएको पाइन्छ । त्यसैले उल्लिखित पाठ्पुस्तकहरू तथा शोधकार्यबाट जनसङ्ख्या तथा प्रतिनिध नमूना छनोट गर्न तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरी शोधको रूपरेखा निर्माण गर्न, त्यसैगरी सन्दर्भसामग्री, सूची लेख्ने तरिकामा समेत प्रस्तुत शोध शीर्षकलाई सहयोग पुऱ्याएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

प्रस्तुत शोधपत्रको सैद्धान्तिक अवधारणा निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.२.१ घटनावर्णनको परिचय

सिर्जनातम्क कला अन्तर्गत पर्ने घटनावर्णन कार्य अभिव्यक्तिको एक महत्त्वपूर्ण कला हो । विद्यार्थीले आफुले देखेका, सुनेका, अनुभव गरेका, जानेका, बुझेका पढेका अनुभव गरेका दैनिक, जीवन पद्धतिसँग सम्बन्धित घटनाहरू कुनै पनि महत्त्वपूर्ण क्रियाकलापमा संलग्न हुँदाका अनुभवहरू अथवा कुनै विशेष क्षेत्रमा गरिएका यात्रागत सन्दर्भहरू आदिलाई लिखित तथा मौखिक रूपमा अभिव्यक्त गर्नु नै घटनावर्णन हो (पौडेल, २०७०, पृ. ९५) । यी दुवै खाले अभिव्यक्तिबाट विद्यार्थीको भाषिक सीप विकास हुने भएकाले पाठ्यपुस्कमा बोलाइ र लेखाइ सीपमा घटनावर्णन कार्यकलाप उपयोग गराइन्छ । यस्तो कार्यकलापबाट कुनै पनि कुरालाई सोचेर चिन्तन गरेर सिलसिलाबद्ध गरी लेख्य भाषामा सङ्गठित गर्न, लेखाइको गति बढाउन, लेखाइको शैली सौन्दर्यमा वृद्धि गर्न, रोचक वर्णन र विस्तार गरी लेखन सीप विकासमा यसले सहयोग पुऱ्याउँछ ।

व्यक्तिको भाषिक सीप विकासको लागि घटनावर्णन क्षमताको विकास अनिवार्य शर्त जस्तो हुन पुग्दछ । देखे, सुनेका, अनुभव गरे अनुसार प्रभावकारी ढङ्गले अभिव्यक्ति गर्न सक्नु नै घटनावर्णन क्षमताको विकास हुनु हो । त्यसैगरी विद्यार्थीहरूलाई सुनेका, देखेका, अनुभव गरेका कुराहरूलाई विश्लेषणात्मक ढङ्गले टिप्पणी गर्न सक्ने बनाउन यसले सहयोग गर्दछ ।

### २.२.२ घटनावर्णनको उद्देश्य

(क) कुनै पनि विषय वा सन्दर्भलाई लिई स्वतन्त्र रूपले चिन्तन मनन गर्ने क्षमताको विकास गर्न,

(ख) घटनावर्णन कार्यकलापका माध्यमबाट तार्किक क्षमताको विकास गर्न,

(ग) घटनावर्णन कार्यकलापका माध्यमबाट सन्दर्भ अनुकूल शब्द छनोट गरी अभिव्यक्ति शैली विकास गर्नुका साथै शब्दभण्डार क्षमताको विकास गर्न,

(घ) मौखिक अभिव्यक्ति क्षमताको साथै लिखित अभिव्यक्ति क्षमताको विकास गर्न

(ङ) घटनावर्णन अभ्यासका माध्यमबाट स्तरीय ढङ्गले विभिन्न किसिमका अभिव्यक्ति क्षमतामा टेवा पुऱ्याउन

(च) लेखाइको सम्पादन क्षमताको विकास गर्न

(छ) कुनै पनि विषयवस्तुको घटनालाई सहज, सरल, तरिकाले क्रमबद्ध गरी मौखिक तथा लिखित क्षमताको विकास गर्न ।

### २.२.३ घटनावर्णनका प्रकार

घटनावर्णन अभिव्यक्ति क्षमताको विकास गर्ने कार्यकलाप हो । घटनावर्णन क्षमताको विकास गर्न घटनावर्णनलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### क) मौखिक घटनावर्णन

सिकारुको घर परिवार टोल छिमेकमा वा विद्यालयमा भएका अनौपचारिक सम-विषय परिस्थिति, सञ्चोविसञ्चो अवस्था र घटना दुर्घटना जस्ता विषयलाई आधार बनाएर वर्णन गराउनाले मौखिक अभिव्यक्ति क्षमताको विकास हुन्छ । (ढकाल, २०६७ पृ.२१५) सुनेका देखेका अनुभव गरेका र पढेका घटनाहरूलाई ध्वनि प्रतीकका माध्यमबाट स्रोता सक्षम, सरल, सहज, स्पष्ट र प्रभावपूर्ण रूपले व्यक्त गर्ने तरिकालाई मौखिक घटनावर्णन भनिन्छ । व्यक्तिले प्राप्त गरेका घटनाहरूलाई बोलीका माध्यमबाट आफ्ना विचार धारणा,

चाहनाहरूलाई क्रमबद्ध रूपमा स्रोता समक्ष प्रस्तुत गर्छ जसबाट मौखिक अभिव्यक्ति क्षमताको विकास हुन्छ ।

मौखिक अभिव्यक्तिका माध्यमबाट विद्याथीहरूमा देखिने सङ्कोच, अस्पष्टता जस्ता त्रुटिहरूलाई निराकरण गर्दै अभिव्यक्ति क्षमतामा ज्ञान, प्रेरणा र आत्मविश्वासको भावनाको विकास गर्न सकिन्छ । कुनै पनि विषयलाई अनुमोदन गर्न, तर्क गर्न र अन्तरक्रियालाई सजीव रूप प्रदान गर्न पनि मौखिक अभिव्यक्ति क्षमताको आवश्यकता पर्दछ । तसर्थ घटनावर्णनको महत्त्वपूर्ण प्रकार मौखिक घटनावर्णनलाई पनि मानिन्छ ।

**ख) लिखित घटनावर्णन**

लेखन कला समग्र शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग पनि हो । सम्पूर्ण कक्षा कार्यकलाप लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छ । शिक्षण सिकाइ प्रक्रियामा लेखनकलाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पौडेल (२०७०) ले आफ्नो जीवनका सन्दर्भमा अनुभव गरेका, देखेका, सुनेका, वनभोज, शैक्षिक भ्रमण भूकम्प मेला चाडपर्व इत्यादि घटनाहरूलाई लिएर लिपिबद्ध रूपमा अभिव्यक्त गर्नु नै लिखित घटनावर्णन हो (पौडेल, २०७०, पृ. ६८) । विद्यार्थीहरूलाई आफुले अनुभव गरेका, देखेका, सुनेका गरेका घटनाहरूलाई आधार मानी लिखित रूपमा वर्णन गर्न लगाउनाले लिखित अभिव्यक्ति क्षमताको विकास हुन्छ । यस्तो कार्यकलापबाट कुनै पनि कुरालाई सोचेर चिन्तर गरेर सिलसिलाबद्ध गरी लेख्य भाषामा सङ्गठित गर्न, लेखाइको गति बढाउन, लेखाइ शैली सौन्दर्यमा वृद्धि गर्न, रोचक वर्णन र विस्तार गरी लेखन सीप विकासमा सहयोग पुऱ्याउने हुँदा घटनावर्णनको महत्त्वपूर्ण प्रकारको रूपमा लिखित घटनावर्णनलाई लिइन्छ ।

घटनावर्णन अभिव्यक्ति कला विकास गर्ने कार्यकलाप हो । मौखिक घटनावर्णनलाई सुरक्षित र दीर्घकालसम्म बचाइ राख्न लिखित घटनावर्णन अपरिहार्य आधार भएको छ । लिखित घटनावर्णनबाट भाषिक सीप विकासको उपलब्धि बारे जानकारी प्राप्त गर्न सकिन्छ । आफुले भोगेका, सुनेका, देखेका, अनुभव गरेका घटनाहरूलाई सम्झनाका लागि प्रमाण तथा अभिलेख राख्न, विविध घटनाहरूको टिपोट गर्न, आफ्ना पीर मर्काको मुक्तिका लागि कानुनी प्रशासनिक उपचार खोज्ने सवालमा लिखित घटनावर्णन नै उपयोगी रहेको देखिन्छ ।

### २.२.४ घटनावर्णनका आधारभूत पक्षहरू

घटनावर्णनका विभिन्न पक्षहरू हुन्छन् जसलाई निम्नानुसार देखाउन सकिन्छ :

**क) घटना**

विद्यार्थीहरूले आफ्नो जीवनका सन्दर्भमा देखेका सुनेका कुरा नै घटना हो । प्रत्येक विद्यार्थीहरूलाई भिन्न भिन्न घटना दिएर वर्णन गर्न लगाएमा उनीहरूमा लेखन सीपको विकास हुन्छ । वर्णन  गर्न दिइने घटनाहरू विद्यार्थीको अनुभवसँग सम्बन्धित हुनु आवश्यक छ । विद्यार्थीहरूले देखेका, सुनेका, वनभोज छुट्टीको दिन मेला चाडपर्व इत्यादि घटनाहरू दिएर क्रमबद्ध रूपले वर्णन गर्न लगाएमा लेखाइ सीप सहज रूपमा प्राप्त गर्न सक्दछ ।

भण्डारी, ओझा र अन्य (२०६९) घटनावर्णनबाट विद्यार्थीहरूमा लेखाइको गति बढाउने, सिर्जनात्मक लेखनकलाको जग बसाल्ने रोचक वर्णन र विस्तार क्षमताको हासिल गर्ने जस्ता महत्त्वपूर्ण उपलब्धिहरू विद्यार्थीहरूमा प्राप्त गराउन सकिन्छ (पृ. २५४) ।

**ख) परिवेश**

कुनै घटना घटेको स्थान, समय र वातावरणलाई परीवेश भनिन्छ । घटनावर्णन गर्नुपूर्व ती घटनाहरू कुन कुन ठाउँ कुन समयमा घटेका हुन् र घटना घटेको ठाउँ समय वरिपरिको परिस्थिति कस्तो थियो भन्ने कुरा प्रस्तुत गरिनुपर्दछ । जसले गर्दा घटनालाई यथार्थ र विश्वसनीय बनाउन सहयोग गर्दछ (गौतम, ओझा र अन्य, २०६९, पृ. ७) ।

**ग) चिन्तनशीलता**

कुनै घटनाप्रति व्यक्तिमा आएका तर्क, विचार गर्ने क्षमता उक्त घटनाप्रतिको दृष्टिकोणलाई चिन्तनशीलता भनिन्छ । घटनालाई सोचेर, कल्पेर, सम्झेर घटनावर्णन सम्बन्धी आफ्ना धारणा निर्माण गरिसकेपछि मात्र घटनावर्णन गरिन्छ । तसर्थ घटनावर्णनमा चिन्तनशीलता आवश्यक पक्ष हो ।

**घ) भाषाशैली**

घटनावर्णनमा विद्यार्थीहरूको ज्ञान र स्तर अनुसारको भाषाको प्रयोग गरिएको हुन्छ । स्थान, जात, उमेर, वर्ग, क्षेत्र, लिङ्ग आदिले पनि घटनावर्णनका क्रममा भाषामा भिन्नता ल्याउँछ । घटनावर्णन गर्दा भाषालाई उपयुक्त शब्दचयन, वाक्यगठन र

वर्णविन्यासीय त्रुटि कम गरी प्रभावकारी बनाउने काम भाषाशैलीले गर्दछ । तसर्थ घटनावर्णनका क्रममा भाषाशैली महत्त्वपूर्ण पक्ष मानिन्छ ।

ङ) **क्रमबद्धता**

घटना क्रमबद्ध रूपमा प्रस्तुत गरिएको हुनुपर्दछ । घटना क्रमबद्ध रूपमा प्रस्तुत गरेमा घटनावर्णन प्रभावकारि हुन्छ । सरल, सहज, भाषाशैलीको प्रयोग गरी घटनाहरू क्रमबद्ध रूपमा प्रस्तुत गरिनुपर्दछ । विद्यार्थीहरूले देखेका भोगेका थाहा पाएका सुनेका कल्पना गरेका घटनाहरूलाई क्रमबद्ध रूपमा नछाडिकन लेख्ने तथा भन्ने अभ्यास गराउनाले विद्यार्थीहरूमा घटनावर्णन क्षमताको विकास हुन्छ तसर्थ घटनावर्णनसँग सम्बन्धित पक्षहरूमा क्रमबद्धता महत्त्वपूर्ण पक्षको रूपमा लिइन्छ ।

### २.२.५ घटनावर्णनको ढाँचा

घटनावर्णन मानवीय सेरोफेरोमा देखेका, सुनेका विषय वस्तुहरूलाई सिलसिलाबद्ध रूपमा अभिव्यक्त गर्ने कार्य हो । हरेक विषयवस्तहरूको आ-आफ्नै ढाँचा हुन्छ । त्यस्तै घटनावर्णनको पनि आफ्नै ढाँचा रहेको छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

क) आदि भाग

घटनावर्णन मौखिक र लिखित गरी दुई तरिकाले गर्न सकिनछ । घटनावर्णनको पहिलो वाक्य प्रथम भाग हुन्छ । जसलाई शीर्ष वाक्य भनिन्छ । शीर्ष वाक्यमा विषयसँग सम्बन्धित मूल बुँदा हुन्छ । यसमा घटनाको मूल विचारलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्नुपर्दछ । शीर्षक वाक्यलाई विषयवस्तुको भूमिका वा विषय प्रवेश पनि भनिन्छ (भण्डारी, २०७४, पृ. १६) ।

ख) मुख्य भाग

शीर्षक वाक्यपछि शीर्ष वाक्यलाई पुष्टि गर्न वा वाख्या विश्लेषण गर्न आउने सम्पूर्ण वाक्यहरू मुख्य भागमा आउँछन् । विषयवस्तुको मुख्य भाग महवपूर्ण भाग मानिन्छ । यस भागले सम्पूर्ण विषयवस्तुहरूलाई समेट्ने काम गर्दछ तसर्थ मुख्य भागलाई घटनावर्णनको मेरुदण्ड मानिन्छ (भण्डारी, २०७४, पृ.१६) ।

ग)	**निष्कर्ष**

सम्पूर्ण व्याख्या विश्लेषणलाई निचोडमा पुऱ्याउने र संक्षिप्त रूपमा पूर्णता प्रदान गरी प्रस्तुत गर्ने भाग हो । यसमा सम्पूर्ण वर्णनमा भएका कुराहरूलाई संक्षिप्त रूपमा सार वा निष्कर्षमा पुगी प्रस्तुत गरिन्छ ।

### २.२.६ घटनावर्णन शिक्षणका प्रक्रिया

(क) घटनावर्णन शिक्षण गर्दा सर्वप्रथम सुरुमा विद्यार्थीहरूलाई विभिन्न मौखिक प्रश्नोत्तरका माध्यमले उनीहरूले देखेका, सुनेका रमाइला रमाइला मेला, जात्रा, चाडपर्व, साँस्कृतिक नाचगान, विद्यालय आउँदा जाँदा बाटामा देखेका, भोगेका, थाहा पाएका, सुनेका, कल्पना गरेका आदि विविध घटना, अनुभव तथा यस्तै अन्य सान्दर्भिक कुराहरूको जानकारी लिने र तिनलाई नै क्रमबद्ध रूपमा नछाडिकन लेख्ने अभ्यास गराउने,

(ख) कुनै रोचक घटना र अनुभवमा आधारित नमुना लेख, रचना वा प्रासङ्गिक यात्रा वर्णनहरू कक्षामा सुनाई त्यसै किसिमले आफूले देखेका, सुनेका, अनुभव गरेका, भोगेका र कल्पेका कुराहरू सिलसिला मिलाएर लेख्न प्रोत्साहित गर्ने विद्यार्थीहरूलाई रुचि अनुसारका यात्रा वर्णन, अनुभव वर्णन, घटनावर्णन आदि लेखाइ कार्यक्रममा सरिक गराउन,

(ग) उनीहरूको रुचिका प्रसङ्गहरू बुझी तिनलाई लिपिबद्ध गर्न प्रेरक हौसला दिने,

(घ) विद्यार्थीका रुचि अनुसारका शीर्षक छानेर गृहकार्य दिई लेखन अभ्यासलाई विस्तारित गर्ने,

(ङ) कक्षाकार्य वा गृहकार्यका रूपमा लेखिएका रचना हेरी राम्रा खालका कक्षामा पढेर सुनाउने, आवश्यक टिप्पणी र सुझाव दिई प्रोत्साहित गर्ने (पौडेल, २०७०, पृ. ९५) ।

भाषिक कला अन्तर्गत पर्ने घटनावर्णन कार्यले विद्यार्थीहरूलाई स्वतन्त्र लेखन तथा मौखिक क्षमतातिर डोऱ्याउन, मौलिक तथा गहकिलो ढङ्गबाट मानवीय सेरोफेरोमा घटेका, देखेका, सुनेका, अनुभव गरेका, व्यहोरेका विषयवस्तुहरूलाई सोचेर, सम्झेर, कल्पेर,

सिलसिलाबद्ध गरि लेख्य भाषामा सङ्गठित गर्न, लेखाईको गति वृद्धि गर्न, सिर्जनात्मक लेखन कलाको जग बसाल्न, शैली सौन्दर्य वृद्धि गर्न तथा रोचक वर्णन र विस्तार गर्न क्षमताको हासिल गर्न जस्ता महत्त्वपूर्ण उपलब्धि प्राप्त गराउनको लागि घटनावर्णन कार्यकलापले सघाउ पुऱ्याउँछ । यस लेखमा समस्याको उद्देश्य, घटनावर्णनको परिचयात्मक स्थिति, घटनावर्णनको उद्देश्य, प्रकार, ढाँचा, शिक्षण तरिका बारे जानकारी प्रस्तुत लेखमा प्रस्तुत गरिएको छ । प्रस्तुत लेख विश्लेषणात्मक विधिको प्रयोग गरी तयार पारिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत अध्ययन रामेछाप जिल्लाका कक्षा ६मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन शीर्षकको यस अध्ययनका लागि विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्रत्यक्ष सहभागी गराएर निष्कर्ष निकालिएको छ । विद्यार्थीलाई नै केन्द्रबिन्दु बनाइ नमुना प्रश्नोत्तर विधिबाट अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनमा अबलम्बन गरिएको शोधविधिलाई निम्नानुसारको उपशीर्षक प्रस्तुत गरिएको छ :

### ३.१.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनलाई विश्वसनीय बनाउनका लागि २०७५ सालमा रामेछाप जिल्लाका कक्षा ६ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.१.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको परिधीभित्र समावेश गराउन असम्भव भएकाले सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने गरि नमूना छनोट गरिएको छ । प्रस्तुत नमूना अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउने उद्देश्यले लैङ्गिकता, भाषिक पृष्ठभूमि पक्षलाई आधार मानी छनोट गरिएको छ । अध्ययनको प्रयोजन, समय, लगानी आदि कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने भएकाले यसको आवश्यकता पनि नपर्ने हुनाले अध्ययनका लागि रामेछाप जिल्लामा भएका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्ये ८ ओटा सामुदायिक विद्यालयहरूका प्रत्येक विद्यालयबाट १० जना विद्यार्थी लिई तिनै विद्यार्थीहरूलाई भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताको आधारमा विभाजन गरी लैङ्गिकताको आधारमा छात्र ४० र छात्रा ४० जना र भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थी ४० र अन्य मातृभाषी विद्यार्थी ४० जना गरी जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमूनाको रूपमा छनोट गरिएको छ ।

### ३.१.३ पूर्व परीक्षण

अध्ययनका क्रममा निर्मित सामग्रीहरू सही छन् वा छैनन् भन्ने कुरा पत्ता लगाउन पूर्व परीक्षण गरिएको छ । नमुना छनोटमा परेका आठओटा विद्यालयमध्ये विष्णु जनज्योति माध्यमिक विद्यालयलाई प्रतिनिधित्व गरी लैङ्गिकताको आधारमा र भाषिक पृष्ठभूमिको आधारमा गरी जम्मा १० जना विद्यार्थीहरूमा पूर्व परीक्षण गरिएको छ ।

क) तपाईंले घुमेको कुनै पनि ठाउँको घटनावर्णन गर्नुहोस् ।

ख) तपाईंले गतवर्ष मनाउनु भएको सरस्वती पूजा कार्यक्रमको बारेमा सिलसिलाबद्ध रूपमा वर्णन गर्नुहोस् ।

यी दुई प्रश्नलाई १ घण्टाको समय दिई परीक्षण गर्दा दोस्रो प्रश्नभन्दा पहिलो प्रश्न उचित देखिएकाले पहिलो प्रश्न छनोट गरी सामग्री सङ्कलन गरिएको छ ।

### ३.१.४ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत अध्ययनका लागि निम्नलिखित स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

**क) प्राथमिक स्रोत**

यस अनुसन्धानमा प्राथमिक स्रोत सामग्री सङ्कलनको लागि गुणात्मक अध्ययन विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनमा रामेछाप जिल्लाका आठओटा सामुदायिक विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूलाई सम्पर्क गरी एक शीर्षकमा घटनावर्णन क्षमताको लेखन परीक्षण गरिएको छ । घटनावर्णबाट आएका उत्तरपुस्तिका प्राथमिक स्रोत रहेको छ ।

**ख) द्वितीयक स्रोत**

प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि द्वितीयक सामग्रीको रूपमा पुस्तकालयीय अध्ययन कार्यबाट शोधपत्र, पुस्तकबाट सैद्धान्तिक धारणा निर्माण गरी अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ ।

### ३.१.५ तथ्याङ्क सङ्कलन

शोधका निम्ति आवश्यक तथ्याङ्क निम्नानुसार संकलन गरिएको छ :

यस शोध कार्यको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रत्येक विद्यालयका लैङ्गिकताको आधारमा र भाषिक पृष्ठभूमिको आधारमा गरी जम्मा १०/१० जना विद्यार्थीहरूलाई छनोट परेका शीर्षक दिएर घटनावर्णन गर्न लगाइ निर्धारित समयमा लिखित रूपमा अभिव्यक्ति दिन लगाएको छ । अन्त्यमा उत्तरपुस्तिकालाई सङ्कलन गरेको छ र भाषिक संयोजन, स्तरीयता, भाषिक शुद्धता, प्रस्तुतिकरण, विषयवस्तुको क्रमबद्धता, विषयवस्तुको सङ्गठन र मौलिकतालाई आधार मानी निष्कर्षमा पुऱ्याएको छ ।

### ३.१.६ तथ्याङ्कको व्याख्या विश्लेषण

अनुसन्धान कार्य आफैमा जटिल कार्य हो । एक्लैको प्रयासबाट अनुसन्धान कार्य सम्भव हुँदैन । अनुसन्धान कार्यलाई सफल बनाउन विभिन्न व्यक्ति, सङ्घ संस्थाको सहयोगको आवश्यकता पर्दछ । यस अनुसन्धान कार्यलाई अघि बढाउन छनोटमा परेका विद्यालय र विद्यार्थीको सहयोग लिइएको छ । अनुसन्धानको क्रममा उचित वातावरण सिर्जना गरिदिन सम्बन्धित विद्यालयका प्रधानध्यापकलाई आग्रह गरियो । छनोटमा परेका विद्यालयबाट प्रतिनिधि नमुना छनोट गरी निश्चित समय तोकी तपाईले घुमेको कुनै पनि ठाउँको घटनावर्णन गर्नुहोस शीर्षक दिएर घटनाहरूको वर्णन गर्न अभिप्रेरित गराइयो ।

विद्यार्थीहरूको घटनावर्णन क्षमताको मूल्याङ्कन गर्दा विषयवस्तु १० अङ्क वार्णविन्यास ५ अङ्क, श्रृङ्खला ५ अङ्क गरी जम्मा २० अङ्क प्रदान गरिएको छ । प्रस्तुत अध्ययनमा ० देखि ३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीलाई निम्न स्तर ४० देखि ५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीलाई मध्यमस्तर, ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीलाई उच्चस्तर र ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीलाई उच्चतम स्तर मूल्याङ्कनका साथ अङ्क प्रदान गरेको छ ।

यसरी उक्त तथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुराहरूलाई आधार मानेको छ । समग्रताको आधारमा, लैङ्गिकताको आधारमा छात्र र छात्राको घटनावर्णन क्षमताको अध्ययन गरिएको छ । भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषीको घटनावर्णन क्षमताको अध्ययन गरिएको छ । यसरी प्रस्तुत शोधमा घटनावर्णनको अवधारणाको अध्ययनका लागि निगमनात्मक विधा अपनाइएको छ भने तथ्याङ्कको विश्लेषण गरी निष्कर्षमा पुग्ने क्रममा आगमनात्मक विधिको उपयोग गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा प्रयोगमा ल्याइएका साङ्ख्यिकीय सूचकहरू निम्नानुसार रहेका छन् :

मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

मध्यमान ( $\bar{x}$) = $\frac{\Sigma fx}{N}$

यहाँ,

$\bar{x}$ = मध्यमान (एक्सबार)

$\Sigma$ = जोड योगफल

f = आवृत्ति

x = चल

N = जम्मा सङ्ख्या

मानक विचलन गर्न प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \frac{\sqrt{\Sigma fx^2}}{N}$$

यहाँ,

$\Sigma$ = जोड योगफल

fx = प्राप्ताङ्क र आवृत्तिको गणना

$fx^2$ = प्राप्ताङ्क र आवृत्तिको गुणनफल

N = जम्मा प्राप्ताङ्क

### ३.१.७ निष्कर्ष

यस अध्यायमा प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अपनाइएका विधि र प्रक्रियालाई विभिन्न उपशीर्षकहरू अन्तर्गत उल्लेख गरिएको छ । रामेछाप जिल्लालाई जनसङ्ख्या क्षेत्रका रूपमा निर्धारण गरी त्यस जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्या मानिएको छ । त्यसपछि उक्त जिल्लाका पाँचजना छात्रा र पाँचजना छात्र तथा पाँचजना नेपाली मातृभाषी र पाँचजना अन्य मातृभाषी विद्यार्थीहरू पर्ने

गरी आठवटा सामुदायिक विद्यालयका जम्मा १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । एकवटा नमुनाको रूपमा प्रश्न निर्माण गरी उक्त प्रश्नपत्र विद्यार्थीहरूलाई उपलब्ध गराई त्यसैमा उत्तर लेख्न लगाइर उत्तरपुस्तिका सङ्कलन गरिएको छ । ती उत्तर पुस्तिकालाई प्राथमिक स्रोत मानी परीक्षणको आधार निर्माण गरी उत्तर पुस्तिकाको परीक्षण गरेर तथ्याङ्क निकालिएको छ । उक्त तथ्याङ्कलाई घटनावर्णन सम्बन्धी अवधारणाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणलाई वस्तुगत बनाउन तालिकीकरण स्तम्भ रेखा चित्र, मध्यमान र मानक विचलनको उपयोग गरिएको छ । लैङ्गिकता भाषिक पृष्ठभूमिलाई आधार मानी तुलनात्मक विश्लेषण गरिएको छ ।

## अध्याय : चार

# रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत समग्र विद्यार्थीहरूको घटनावर्णनको क्षमताको अध्ययन

## ४.१ पृष्ठभूमि

प्रस्तुत अध्याय रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । अनुसन्धान कार्यका लागि रामेछाप जिल्लाका ८ वटा सामुदायिक विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । अध्ययनका क्रममा घटनावर्णन लेखन क्षमताको अध्ययन गर्न उपयुक्त शीर्षक चयन गरी विद्यार्थीहरूलाई निश्चित पूर्णाङ्क र समयमा घटनावर्णन लेखन लगाइएको छ । परीक्षणलाई विश्वसनीय, स्तरीय, स्पष्ट र प्रभावकारी बनाउनका लागि शीर्षकसँग सम्बन्धित ज्ञानको विषयवस्तु प्रस्तुतीकरण र भाषाशैलीलाई आधार बनाई उत्तरपुस्तिका परीक्षण गरिएको छ । परीक्षणपछि प्राप्त तथ्याङ्कलाई समग्र विद्यार्थीको प्रतिशताङ्क तथा मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको विश्लेषणको क्रममा तुलना समेत गरिएको छ ।

## ४.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति

प्रस्तुत उपशीर्षकमा प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थितिलाई सुरुमा प्रतिशतका आधारमा अध्ययन विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कलाई निम्नानुसार तालिका र स्तम्भ रेखाचित्रमा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका - १


समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ९ | ११.२५ | ४० | ५० | ३१ | ३८.७५ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५

स्तम्भ रेखाचित्र- १

समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्तम्भ रेखाचित्र




माथिको तालिका र स्तम्भ रेखाचित्रमा दिइएको तथ्याङ्कअनुसार रामेछाप जिल्लाको सामुदायिक विद्यालयका जम्मा ८ वटा विद्यालयका कक्षा छमा अध्ययनरत कूल सङ्ख्या ८० जनालाई प्राप्ताङ्क प्रतिशतका आधारमा ४ श्रेणीमा विभाजन गरिएको छ । यसरी श्रेणी निर्धारण गर्दा ० देखि ३९ सम्म अङ्क ल्याउने विद्यार्थी समूह, ४० देखि ५९ सम्म अङ्क ल्याउने विद्यार्थी समूह, ६० देखि ७९ सम्म अङ्क ल्याउने विद्यार्थी समूह र ८० देखि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह गरी प्रतिशताङ्क श्रेणी समूह निर्धारण गरिएको छ ।

प्रस्तुत तालिकाअनुसार ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने कुल ८० जना विद्यार्थीहरूमध्ये ९ जना र प्रतिशत ११.२५ रहेको छ भने ४० देखि ५९ प्रतिशतसम्म अङ्क ल्याउने सङ्ख्या ४० र प्रतिशत ५० रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म सङ्ख्या ३१ र प्रतिशत ३८.७५ रहेको छ भने ८० देखि १०० प्रतिशतसम्म अङ्क र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत शून्य रहेको पाइन्छ ।

यस तथ्याङ्कअनुसार विश्लेषण गर्दा निम्नस्तरको घटनावर्णन क्षमता भएका विद्यार्थीहरू ११.२५ प्रतिशत, मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ५० प्रतिशत,

उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ३८.७५ प्रतिशत र उच्चतम स्तरको क्षमता भएका विद्यार्थीहरू शून्य प्रतिशत रहेको पाइन्छ । तथ्याङ्क विश्लेषण गर्दा निम्न स्तरको घटनावर्णन क्षमता भएका विद्यार्थीहरू थोरै र मध्यम तथा उच्चस्तरको घटनावर्णन क्षमता भएका विद्यार्थीहरू धेरै देखिएकाले समग्रमा विद्यार्थीहरूको घटनावर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

## ४.३ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । अतः मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई सुरुमा तालिकामा प्रस्तुत गरी त्यसपछि विश्लेषण गरिएको छ ।

तालिका - २

**मध्यमान र मानक विचलनका आधारमा घटनावर्णन क्षमताको तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १०.९३ | २.४९ | ३६ | ४५ | ४४ | ५५ |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिका -२ अनुसार रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूले घटनावर्णन क्षमतामा प्राप्त गरेको अङ्कको मध्यमान १०.९३ रहेको पाइन्छ भने मानक विचलन २.४९ रहेको पाइन्छ । समग्र मध्यमानलाई आधार मानी हेर्दा जम्मा ८० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथिको क्षमतामा ४४ जना प्रतिशत ५५ रहेको पाइन्छ । मध्यमानभन्दा तलको क्षमतामा ३६ जना र प्रतिशत ४५ रहेको पाइन्छ । यसरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या भन्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ८ जना प्रतिशत १० ले बढी देखिएकाले समग्रमा घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.४ निष्कर्ष

यस अध्यायमा रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत समग्र विद्यार्थीहरूको घटनावर्णन प्रतिशताङ्क, मध्यमान र मानक विचलनको आधारमा क्रमशः प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरूमा निम्नस्तरको घटनावर्णन क्षमता भएका विद्यार्थीहरू थोरै तथा मध्यम र उच्चस्तरको घटनावर्णन क्षमता भएका विद्यार्थीहरू धेरै देखिएकाले समग्रमा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा मध्यमान १०.९२५ र मानक विचलन २.४९ रहेको छ । मध्यमानभन्दा माथि विद्यार्थी सङ्ख्या ४४ र ५५ प्रतिशत मध्यमानभन्दा तल विद्यार्थी सङ्ख्या ३६ र ४५ रहेकाले रामेछाप जिल्लाका विद्यार्थीहरको घटनावर्णन क्षमता सन्तोषजनक रहेको तथा मानक विचलनको आधारमा मानक विचलन मध्यमानको नजिक देखिन्छ ।

# अध्याय : पाँच

# लैङ्गिकताका आधारमा रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

## ५.१ पृष्ठभूमि

प्रस्तुत अध्ययन रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षअमताको अध्ययन रहेको छ । विद्यार्थीको अभिव्यक्ति क्षमता फरक फरक हुने गर्दछ । प्रत्येक विद्यार्थीको क्षमतालाई भाषिक, सामाजिक, भौगोलिक स्थितिले फरक पारेजस्तै महत्त्वपूर्ण आधार लैङ्गिक आधार पनि हो । त्यसैले यस अध्यायमा रामेछाप जिल्लाका छनोटमा परेका आठ सामुदायिक विद्यालयका ८० जना विद्यार्थीहरूको लैङ्गिकताको आधारमा घटनावर्णन क्षमताको विश्लेषण गरिएको छ । तीमध्ये ४० जना छात्रा रहेका छन् भने ४० जना छात्र रहेका छन् । यसक्रममा सुरुमा छात्रा र छात्रहरूको छुट्टाछुट्टै घटनावर्णन क्षमताको विश्लेषण गरी अन्त्यमा ती दुईको तुलनात्मक अध्ययन समेत गरिएको छ ।

## ५.२ छात्राहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा छात्राहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्रहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका ३**


**छात्राहरूको घटनावर्णन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ७ | १७.५ | १४ | ३५ | १९ | ४७.५ | ० | ० |

स्रोतः स्थलगत अध्ययन २०७५ ।

स्तम्भ रेखाचित्र - २

छात्राहरूको घटनावर्णन क्षमताको स्तम्भ रेखाचित्र




माथिको तालिका र स्तम्भ रेखाचित्रमा दिइएको तथ्याङ्कअनुसार रामेछाप जिल्लाको सामुदायिक विद्यालयका जम्मा ८ वटा विद्यालयका कक्षा छमा अध्ययनरत छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कूल सङ्ख्या ४० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा ४ श्रेणीमा विभाजन गरिएको छ । यसरी श्रेणी निर्धारण गर्दा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह, ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने समूह ८०-१०० प्रतिशत अङ्क ल्याउने समूह प्रतिशताङ्क श्रेणी समूह निर्धारण गरिएको छ ।

उपयुक्त तालिकाअनुसार छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता अनुसार ० देखि ३९ प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत ७ (१७.५ प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत १४ (३५ प्रतिशत) रहेको छ । त्यसैगरी ६० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत १९ (४९.५ प्रतिशत) रहेको पाइन्छ भने ८०-१० सम्म अङ्क र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत शून्य रहेको पाइन्छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार विश्लेषण गर्दा ०-३९ प्रतिशतसम्म घटनावर्णन क्षमताको निम्न श्रेणी मापन भएका विद्यार्थीहरूको ७ अर्थात् १७.५ प्रतिशत र उच्चतम श्रेणी निर्धारण गरिएको ८० देखि १०० सम्म अङ्क र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत शून्य रहेको देखिन्छ यसरी मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म भएका विद्यार्थी सङ्ख्या १४ अर्थात् ३५ प्रतिशत र उच्च श्रेणी मापन गरिएको ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी १९ अर्थात् ४७.५ रहेको पाइनुले उपयुक्त तथ्याङ्कलाई दृष्टिगत गर्दा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता उच्च रहेको पाइन्छ। सबैभन्दा बढी छात्राहरू उच्चस्तरको घटनावर्णन क्षमता रहेका देखिन्छन्।

## ५.३ छात्रहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा छात्रहरूको घटनावर्णन क्षमताको विश्लेषण गरिएको छ । यहाँ छात्रहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका : ४**


**छात्रहरूको घटनावर्णन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | २ | ५ | २२ | ५५ | १६ | ४० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७५

स्तम्भ रेखाचित्र-३

छात्रहरूको घटनावर्णन क्षमताको स्तम्भ रेखाचित्र




माथिको तालिका र स्तम्भ रेखाचित्रमा दिइएको तथ्याङ्कअनुसार रामेछाप जिल्लाको सामुदायिक विद्यालयका जम्मा ८ वटा विद्यालयका कक्षा छमा अध्ययनरत छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कूल सङ्ख्या ४० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतको आधारमा चार श्रेणीमा विभाजन गरिएको छ। यसरी श्रेणी निर्धारण गर्दा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह, ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह, ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह, ८०-१०० सम्म अङ्क ल्याउने विद्यार्थी समूह गरी प्रतिशताङ्क श्रेणी निर्धारण गरिएको छ।

प्रस्तुत तालिकाअनुसार विद्यार्थीहरूको घटनावर्णन क्षमताअनुसार ० देखि ३९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत २ (५ प्रतिशत) रहेको छ। त्यस्तै ४० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत २२ (५५ प्रतिशत) त्यसैगरी ६० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत १६ (४० प्रतिशत) रहेको पाइन्छ भने ८० देखि १०० सम्म अङ्क र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत शून्य रहेको पाइन्छ।

यसरी प्रस्तुत तालिकाअनुसार ०-३९ प्रतिशतसम्म घटनावर्णन क्षमता निम्न श्रेणी मापन भएका विद्यार्थीहरू २ अर्थात् ५ प्रतिशत रहेको देखिन्छ । उच्चतम श्रेणी निर्धारण गरिएको ८०-१०० सम्म अङ्क र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत शून्य रहेको देखिन्छ । यसरी मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म भएका विद्यार्थीहरूले सङ्ख्या १६ अर्थात् ४० रहेको पाइनुले उपयुक्त तथ्यलाई दृष्टिगत गर्दा छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता रहेको देखिन्छ । सबैभन्दा बढी छात्रहरू मध्यमस्तरको घटनावर्णन क्षमता रहेका देखिन्छन् ।

## ५.४ छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तुलना

यस उपशीर्षकमा छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तुलनातमक अध्ययन गरिएको छ । यहाँ छात्रा र छात्राहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका ५**


**छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तथ्याङ्क**

| | वि.सं. | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्रा | ४० | ७ | १७.५ | १४ | ३५ | १९ | ४७.५ | ० | ० |
| छात्र | ४० | २ | ५ | २२ | ५५ | १६ | ४० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७५

स्तम्भ रेखा चित्र सङ्ख्या- ४

छात्र र छात्राहरूको घटनावर्णन क्षमताको तुलनात्मक स्तम्भ रेखाचित्र




प्रस्तुत तालिका र स्तम्भ रेखाचित्रमा छात्रा र छात्र गरी जम्मा ८० जना विद्यार्थीहरू प्रतिनिधि नमुना छनोटका आधारमा समावेश गरिएका मध्ये ० देखि ३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात् १७.५ प्रतिशत रहेका छन् भने छात्रा विद्यार्थीहरूको सङ्ख्या २ जना अर्थात् ५ प्रतिशत रहेको छ । त्यस्तै ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको सङ्ख्या १४ जना अर्थात् ३५ प्रतिशत रहेका छन् भने छात्र विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ५५ प्रतिशत रहेको छ । त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् ४७.५ प्रतिशत रहेका छन् । छात्र विद्यार्थीहरूको सङ्ख्या १६ अर्थात् ४० प्रतिशत रहेको छ । त्यसैगरी ८० देखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रा र छात्र विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत शून्य रहेको छ ।

यस तथ्याङ्कको आधारमा निम्न स्तरको अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात् १७.५ प्रतिशत र छात्र विद्यार्थीहरूको सङ्ख्या २ जना अर्थात् ५ प्रतिशत रहेको पाइएकाले छात्रा विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै मध्यम स्तरको अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको

सङ्ख्या १४ जना अर्थात् ३५ प्रतिशत र छात्र विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ५५ प्रतिशत रहनुले छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । उच्च अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् ४७.५ प्रतिशत र छात्र विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ४० प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताभन्दा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी अति उच्च अङ्क प्राप्त गर्ने छात्रा र छात्र विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत शून्य रहेको पाइन्छ । यी दुवैतर्फको घटनावर्णन क्षमताको समग्रमा तुलनात्मक अध्ययन गर्दा छात्राभन्दा छात्रहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिका यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका : ६

**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको घटनावर्णन क्षमताको तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १०.८३ | २.६३ | १८ | ४५ | २२ | ५५ |

स्रोतः स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकाअनुसार छात्राहरूको घटनावर्णन क्षमताको मध्यमान १०.८३ छ भने मानक विचलन २.६३ रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्राहरूको घटनावर्णन क्षमता मध्यमानभन्दा कम भएको छात्रा विद्यार्थीहरूको सङ्ख्या १८ जना अर्थात् ४५ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ५५ प्रतिशत रहेको पाइन्छ । छात्राहरूको घटनावर्णन क्षमतामा मध्यमान कम अङ्क प्राप्त गर्ने छात्राहरूभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ४ जना अर्थात् १०

प्रतिशतले बढी रहेको पाइन्छ । तसर्थ छात्राहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मानक विचलन २.६३ देखिनुले छात्राहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.६ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको घटनावर्णन क्षमता

तालिका : ७

मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको घटनावर्णन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ११.०२५ | २.३५ | २४ | ६० | १६ | ४० |

प्रस्तुत तालिकाअनुसार छात्रहरूको घटनावर्णन क्षमताको मध्यमान ११.२५ छ भने मानक विचलन २.३५ रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्रहरूको घटनावर्णन क्षमता मध्यमानभन्दा कम भएको छात्र विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ६० प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ४० प्रतिशत रहेको पाइन्छ । छात्रहरूको घटनावर्णन क्षमतामा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने भन्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ८ जना अर्थात् २० प्रशितले बढी रहेको पाइन्छ । तसर्थ छात्रहरको घटनावर्णन क्षमता सामान्य स्थितिमा देखिएको पाइन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन २.३५ देखिनुले विद्यार्थी बीचको प्राप्ताङ्कको सम्बन्ध नजिक रहेको छ ।

## ५.७ मध्यमान र मानक विचलनका आधारमा छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययनका क्रममा मध्यमान र मानक विचलनका आधारमा तुलना गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिका प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या - ८

**मध्यमान र मानक विचलनको आधारमा छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तुलनात्मक तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | समूह | छात्रा | छात्र |
|---|---|---|---|
| ८० | मध्यमान | १०.८३ | ११.०३ |
| | मानक विचलन | २.६३ | २.३५ |

प्रस्तुत तालिकाअनुसार छात्राअन्तर्गत ४० र छात्र अन्तर्गत ४० विद्यार्थीहरू प्रतिनिधि जनसङ्ख्याको रूपमा रहेका छन् । छात्रातर्फ घटनावर्णन क्षमताको मध्यमान १०.८३ छ भने छात्रतर्फ ११.०३ रहेको छ । त्यसै गरी लैङ्गिकताको आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कमा देखाएको माध्यमानलाई आधार मानेर हेर्दा छात्र भन्दा छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता ०.२ प्रतिशतले बढी पाइएकाले छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । यस तथ्याङ्कअनुसार मानक विचलनलाई आधार मानेर हेर्दा छात्रा तर्फ २.६३ छात्रा तर्फ २.३५ रहेको छ । छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताभन्दा छात्राविद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो देखिन्छ ।

## ५.८ निष्कर्ष

यस अध्यायमा लैङ्गिकताका आधारमा छात्रा र छात्रहरूको घटना क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । त्यसै गरी प्रतिशत मध्यमान र मानक विचलनका आधारमा छात्रातर्फ मध्यमान १०.८२५ र छात्रतर्फ मध्यमान ११.०२५ रहेको छ । मध्यमानका आधारमा हेर्दा छात्रा भन्दा छात्रहरूको घटनावर्णन क्षमताको मध्यमान ०.२ प्रतिशतले बढी रहेको छ । मानक विचलनका आधारमा छात्राहरूको तुलनामा छात्रहरूको मानक विचलन ०.२८ कम देखिएकाले छात्राहरूको तुलनामा छात्राहरूको घटनावर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय : छ

# भाषिक पृष्ठभूमिका आधारमा रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

## ६.१ पृष्ठभूमि

यस अध्यायमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । प्रत्येक विद्यार्थीहरूको क्षमतालाई भौगोलिक, सामाजिक लैङ्गिक स्थितिले फरक पारेजस्तै महत्त्वपूर्ण आधार भाषिक पृष्ठभूमिको आधार पनि हो । त्यसैले यस अध्यायमा रामेछाप जिल्लाका आठ सामुदायिक विद्यालयका ८० जना विद्यार्थीहरूका घटनावर्णन क्षमताको विश्लेषण गरिएको छ । ती मध्ये ४० जना नेपाली मातृभाषी र ४० जना अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा उनीहरूको घटनावर्णन क्षमतालाई क्रमशः व्याख्या विश्लेषण गरिएको छ ।

## ६.२ नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिकाः ९


नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता

| वि.सं. | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | २ | ५ | १४ | ३५ | २४ | ६० | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

स्तम्भ रेखाचित्र : ५

नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्तम्भ रेखाचित्र




प्रस्तुत तालिका र रेखाचित्रमा दिइएको तथ्याङ्कअनुसार रामेछाप जिल्लाको सामुदायिक विद्यालयका जम्मा ८ वटा विद्यालयका कक्षा छमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कूल सङ्ख्या ४० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा ४ श्रेणीमा विभाजन गरिएको छ । यसरी श्रेणी निर्धारण गर्दा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह, ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह, ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह र ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह गरी प्रतिशताङ्क श्रेणी समूह निर्धारण गरिएको छ ।

उपर्युक्त तथ्याङ्कका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताअनुसार ० देखि ३९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत २ (५ प्रतिशत) रहेको छ भने ४० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत १४ (३५ प्रतिशत) रहेका छ । त्यसैगरी ६० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत २४ (६० प्रतिशत) रहेको पाइन्छ भने ८० देखि १०० सम्म र प्रतिशत ल्याउने विद्यार्थी र सङ्ख्या र प्रतिशत शून्य रहेको पाइन्छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार ०-३९ प्रतिशतसम्म घटनावर्णन क्षमता निम्न श्रेणी मापन भएका विद्यार्थीहरू २ अर्थात् ५ प्रतिशत रहेको देखिन्छ । उच्चतम् श्रेणी निर्धारण गरिएको ८०-१०० अङ्क र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत शून्य रहेको देखिन्छ । यसरी मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म भएका विद्यार्थीहरूको सङ्ख्या १४ अर्थात् ३५ प्रतिशत रहेको देखिन्छ । उच्च श्रेणी मापन गरिएको ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ अर्थात् ६० प्रतिशत रहेको पाइनुले उपयुक्त तथ्यलाई दृष्टिगत गर्दा सबैभन्दा बढी नेपाली मातृभाषी विद्यार्थीहरू उच्चस्तरको घटनावर्णन क्षमता रहेका देखिन्छन् ।

## ६.३ अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । अन्य मातृभाषीमा नेपाली मातृभाषी बाहेक अन्य सबै मातृभाषी विद्यार्थीहरूलाई समेटिएको छ । अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका- १०


अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्क

| वि.सं. | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ६ | १५ | २३ | ५७.५ | ११ | २७.५ | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७५ ।

स्तम्भ रेखाचित्र - ६

अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्तम्भ रेखाचित्र




प्रस्तुत तालिका र स्तम्भ रेखाचित्रको तथ्याङ्कअनुसार रामेछाप जिल्लाको सामुदायिक विद्यालयका जम्मा ८ वटा विद्यालयका कक्षा छमा अध्ययनरत अन्य मातृभाषी विद्यार्थीहरूको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कुल सङ्ख्या ४० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । यसरी श्रेणी निर्धारण गर्दा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह र ८०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह गरी प्रतिशताङ्क श्रेणी समूह निर्धारण गरिएको छ ।

उपयुक्त तथ्याङ्कअनुसार विद्यार्थीहरूको घटनावर्णन क्षमताअनुसार ० देखि ३९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत ६ (१५ प्रतिशत) रहेको छ भने ४० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत २३ (५७.५ प्रतिशत) रहेको छ । त्यसैगरी ६० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत ११ (२७.५ प्रतिशत) रहेको पाइन्छ भने ८० देखि १०० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत ० (० प्रतिशत) रहेको पाइन्छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार विश्लेषण गर्दा ०-३९ प्रतिशतसम्म निम्नस्तरको घटनावर्णन क्षमता मापन भएका विद्यार्थीहरू ६ अर्थात् १५ प्रतिशत र उच्चतम श्रेणी निर्धारण गरिएका ८०-१०० मापन भएका विद्यार्थीहरू सङ्ख्या ० अर्थात् ० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ५७.५ प्रतिशत र उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ अर्थात् २७.५ प्रतिशत पाइनुले उपयुक्त तथ्यालाई दृष्टिगत गर्दा निम्न र उच्चस्तरको सङ्ख्या र प्रतिशत भन्दा मध्यम स्तरको विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत बढी देखिएकाले रामेछाप जिल्लाका अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.४ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको आधारमा गरिएको छ । यहाँ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको त्लनात्मक तथ्याङ्कलाई तालिका र स्तम्भ रेखा चित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

तालिका - ११


**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक तथ्याङ्क**

| | वि.सं. | ०-३९ | | ४०-५९ | | ६०-६९ | | ८०-१०० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली मातृभाषी | ४० | २ | ५ | १४ | ३५ | २४ | ६० | ० | ० |
| अन्य मातृभाषी | ४० | ६ | १५ | २३ | ५७.५ | ११ | २७.५ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

स्तम्भ रेखाचित्र - ७

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक स्तम्भ रेखाचित्र**




प्रस्तुत तालिका र स्तम्भ रेखाचित्रमा नेपाली मातृभाषी र अन्य मातृभाषी गरी जम्मा ८० जना विद्यार्थीहरू प्रतिनिधि नमुना छनोटका रूपमा समावेश गरिएका छन् । यसरी हेर्दा ० देखि ३९ सम्म अङ्क ल्याउने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २ (५ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ६ (१५ प्रतिशत) रहेको छ । त्यसैगरी ४० देखि ५९ सम्म अङ्क ल्याउने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १४ (३६ प्रतिशत) रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २३ (५७.५ प्रतिशत) रहेको पाइन्छ । त्यस्तै ६० देखि ७९ सम्म अङ्क ल्याउने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २४ (६० प्रतिशत) रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ११ (२७.५ प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ८० देखि १०० सम्म अङ्क ल्याउने नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत ० रहेको छ ।

यस तथ्याङ्कको अनुसार निम्नस्तरको अङ्क ल्याउने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २ जना अर्थात् ५ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ६ जना अर्थात् १५ प्रतिशत पाइनुले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी

विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै मध्यम स्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १४ जना अर्थात् ३५ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २३ जना अर्थात् ५७.५ प्रतिशत रहनुले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । उच्चस्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ६० प्रतिशत छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् २७.५ प्रतिशत पाइनुले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता रहेको पाइन्छ । त्यसैगरी अति उच्च अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थी र अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या र प्रतिशत ०, ० रहेको छ । यी दुवैतर्फको घटनावर्णन क्षमताको समग्रमा तुलनात्मक अध्ययन गर्दा अन्य मातृभाषी विद्यार्थीको भन्दा नेपाली मातृभाषी विद्यार्थीको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.५ मध्यमान र मानक विचलनको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा नेपाली मातृभाषी विद्यार्थीहरूको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका - १२**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ११.६ | २.१८ | १६ | ४० | २४ | ६० |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिकामा प्रस्तुत गरिएअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ११.६ रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर हेर्दा नेपाली

मातृभाषीहरूको विद्यार्थीहरूको मध्यमानभन्दा कम सङ्ख्या १६ जना अर्थात् २४ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा माथि सङ्ख्या २४ जना अर्थात् ६० प्रतिशत रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा कम विद्यार्थीको तुलनामा मध्यमानभन्दा माथि ल्याउने सङ्ख्या ८ जना अर्थात् २० प्रतिशत बढी देखिएकाले । नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

त्यस्तै गरी घटनावर्णन क्षमताको मानक विचलन २.१८ रहेको छ । यस दृष्टिले पनि नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.६ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका - १३

**मध्यमान र मानक विचलनका आधारमा अन्यमातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १०.२५ | २.६१ | २४ | ६० | १६ | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिकामा प्रस्तुत गरिएअनुसार अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान १०.२५ रहेको पाइन्छ भने मानक विचलन २.६१ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमानभन्दा कम सङ्ख्या २४ जना अर्थात् ६० प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा माथि सङ्ख्या १६ जना अर्थात् ४० प्रतिशत रहेको

पाइन्छ । मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थीको तुलनामा मध्यमानभन्दा कम ल्याउने सङ्ख्या ८ जना अर्थात् २० प्रतिशत कम देखिएकाले अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता सामान्य खालको देखिएको छ । त्यसैगरी घटनावर्णन क्षमताको मानक विचलन २.६१ रहेको यस दृष्टिले अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

## ६.७ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूका घटनावर्णन क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यसलाई मध्यमान मानक विचलनमा आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार तुलनात्मक विश्लेषण गरिएको छ :

तालिका- १४

**मध्यमान र मानक विचलनका आधारमा मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक तथ्याङ्क**

| विद्यार्थी सङ्ख्या | समूह | छात्रा | छात्र |
|---|---|---|---|
| ८० | मध्यमान | ११.६ | १०.२५ |
| | मानक विचलन | २.१८ | २.६१ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकाअनुसार नेपाली मातृभाषीअन्तर्गत ४० र अन्य मातृभाषीअन्तर्गत ४० विद्यार्थीहरू प्रतिनिधि जनसङ्ख्याको रूपमा रहेका छन् । नेपाली मातृभाषीतर्फ घटनावर्णन क्षमताको मध्यमान ११.६ भने अन्य मातृभाषीतर्फ घटनावर्णन क्षमताको मध्यमान त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा देखाएको मध्यमानलाई आधार मानेर हेर्दा अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमानभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान १.३५ अङ्कले बढी देखिएकाले अन्य मातृभाषीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता केही राम्रो देखिएको छ । यसै तथ्याङ्कलाई आधार मान्दा

नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन २.१७७ रहेको पाइन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन २.६०५ रहेको पाइन्छ । यसरी नेपाली मातृभाषीहरूको मानक विचलन ०.४२ ले कम देखिएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.८ निष्कर्ष

यस अध्यायमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषीहरूको घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । त्यसैगरी प्रतिशत मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषीतर्फ ११.६ र अन्य मातृभाषीतर्फ १०.२५ रहेको छ । मध्यमानको आधारमा हेर्दा अन्य मातृभाषी भन्दा नेपाली मातृभाषीहरूको घटनावर्णन क्षमताको मध्यमान १.३५ अङ्कले बढी पाइएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको छ । मानक विचलनका आधारमा अन्य मातृभाषीतर्फ मानेका विचलन २.६१ र नेपाली मातृभाषीतर्फ २.१८ रहेको छ मानक विचलनको आधारमा हेर्दा अन्य मातृभाषीको भन्दा नेपाली मातृभाषीको मानक विचलन ०.४२ ले कम देखिएकाले अन्य मातृभाषीको तुलनामा नेपाली मातृभाषीको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

# अध्याय : सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमतामा केन्द्रित छ । यस शोधकार्यबाट शोधप्रतिवेदनलाई सात अध्यायमा विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकको शोध परिचय शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको सीमाङ्कन तथा शोधपत्रको रूपरेखा उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । अध्ययनको पृष्ठभूमि शोधशीर्षकलाई चिनाउने क्रममा भाषाशिक्षणअन्तर्गत घटनावर्णन क्षमताको बारेमा चिनारी दिइएका छन् । भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीप एक महत्त्वपूर्ण सीप हो । रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमतालाई लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययनलाई समस्या बनाई शोधलाई अघि बढाइएको छ । यसै समस्यासँग सम्बन्धित उक्त कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता पत्तालगाउने र ती समस्याहरू समाधान गर्ने उद्देश्य राखिएको कुरा यस अध्यायमा उल्लेख गरिएको छ ।

यसरी अनुसन्धानको उद्देश्य प्राप्तिका लागि रामेछाप जिल्लाका आठवटा सामुदायिक विद्यालयलाई नमुनाका रूपमा छनोट गरी अनुसन्धान अगाडि बढाइएको छ । जसमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । यस अध्ययनको उद्देश्य पुरा गर्न र अध्ययनलाई प्रभावकारी बनाउन अध्ययनकर्ता स्वंयम प्रत्येक विद्यालयमा पुगी उक्त विद्यालयका शिक्षक, विद्यार्थीहरूको सहयोग लिएर यो अनुसन्धान सम्पन्न गरिएको छ । अध्ययनकर्ताले शोध निर्देशक, विषयशिक्षकको सहयोगमा तयार पारिएको एकवटा नमुना प्रश्न बनाई ८० विद्यार्थीहरूलाई घटनावर्णन गर्न लगाइएको छ । प्राप्त उत्तर पुस्तिकालाई, विषयवस्तु, वर्णविन्यास, श्रृङ्खला आधारमा मूल्याङ्कन गरिएको छ ।

यस अध्याय दुईको शीर्षक पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा रहेको छ । यसमा पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । त्यस्तैगरी सैद्धान्तिक अवधारणाअन्तर्गत घटनावर्णनको परिचय, घटनावर्णनको उद्देश्य, घटनावर्णनका प्रकार, घटनावर्णनका आधारभूत पक्षहरू, घटनावर्णनको ढाँचा, घटनावर्णन शिक्षण प्रक्रिया समावेश गरी विस्तृत रूपमा उल्लेख गरिएको छ ।

अध्याय तीनको शीर्षक शोध विधि र प्रक्रिया रहेको छ । प्रस्तुत शोध अध्ययनका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत अध्ययन विधि, जनसङ्ख्या, प्रतिनिधि नमुना छनोट पूर्व परीक्षण, सामग्री सङ्कलनका प्राथमिक स्रोत र द्वितीयक स्रोत, तथ्याङ्क सङ्कलन, तथ्याङ्कको व्याख्या विश्लेषण र निष्कर्षलाई उपशीर्षकहरूमा उल्लेख गरिएको छ ।

अध्याय चारको शीर्षकअन्तर्गत समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । समग्र रूपमा प्रतिशत, मध्यमान र मानक विचलन निकाली सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्याय पाँच शीर्षक लैङ्गिकताका आधारमा रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । मध्यमान र मानक विचलन, प्रतिशतका आधारमा छात्रा र छात्रहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त गरिएको अध्ययनमा छात्राको भन्दा छात्रहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइएको छ ।

अध्याय सात शीर्षकमा सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् । यस अध्ययनको सारांशअन्तर्गत सबै अध्यायमा भएका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधको उपयोगिताहरूलाई यहाँ नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । अन्त्यमा सन्दर्भसामग्री सूची र परिशिष्ट खण्ड राखिएको छ । यसअन्तर्गत प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयहरूको नामावली, जसङ्ख्या छनोटमा परेका विद्यालयहरूको नामावली, जनसङ्ख्या छनोटमा परेका नाम र प्राप्ताङ्क र सबैभन्दा राम्रो र सबैभन्दा

नराम्रो उत्तर लेख्ने विद्यार्थीहरूको प्रश्नपत्रमै लेखेका उत्तरहरूलाई समावेश गरिएको छ । अन्त्यमा व्यक्तिवृत्त समावेश गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययन रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययनसम्बन्धी निम्नलिखित निष्कर्ष निकालेको छ :

- विद्यार्थीहरूको प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशत, मध्यमान र मानक विचलन निकाली चारवटा श्रेणीमा विभाजन गरेको छ ।
- समग्रताका आधारमा मूल्याङ्कन गर्दा निम्न श्रेणी ११.२५ प्रतिशत उच्च श्रेणी ३८.७५ प्रतिशत विद्यार्थी रहेको पाइन्छ भने मध्यम श्रेणीमा ५० प्रतिशत पाइएकाले सबैभन्दा बढी धेरै विद्यार्थी मध्यम श्रेणीमा रहेकाले घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ ।
- समग्रतामा विद्यार्थीहरूको प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १०.९३ रहेको छ भने मध्यमानभन्दा माथि ५५ प्रतिशत र मध्यमानभन्दा तल ४५ प्रतिशत मात्र विद्यार्थी रहेको तथा मानक विचलन २.४९ रहेकाले समग्रमा घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- लैङ्गिकताको आधारमा छात्राहरूको निम्न श्रेणीमा १७.५ प्रतिशत रहेको छ भने उच्च श्रेणीमा ४७.५ प्रतिशत रहेको पाइन्छ । मध्यमान १०.८३ रहेको छ । मध्यमानभन्दा माथि ५५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल ४५ प्रतिशत प्राप्ताङ्क मध्यमानभन्दा तल रहेकाले छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मानक विचलन २.६३ रहनाले रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत छात्राहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता निम्न श्रेणी ५ प्रतिशत रहेको छ भने उच्च श्रेणी ४० प्रतिशत रहेको पाइन्छ र मध्यम श्रेणी ५५ प्रतिशत रहेको पाइन्छ । यसकारण प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको छ । मध्यमान ११.२५ रहेकोमा मध्यमानभन्दा

तल ६० प्रतिशत र मध्यमानभन्दा माथि ४० प्रतिशत रहेकोले मध्यमानका आधारमा छात्रहरूको घटनावर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ त्यस्तै मानक विचलन २.३५ रहनाले रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत छात्र विद्यार्थीहरूको घटना वणएन क्षमता राम्रो रहेको पाइन्छ ।

- लैङ्गिकताका आधारमा छात्रा र छात्र विद्यार्थीहरूको घटनावार्ण्न क्षमताको तुलना गर्दा छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- भाषिक पृष्ठभूमिको आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता निम्न श्रेणीमा ५ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । उच्च श्रेणीमा ६० प्रतिशत विद्यार्थीहरू रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- अन्य मातृभाषी विद्यार्थीहरूको निम्न श्रेणीमा १५ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ भने उच्च श्रेणीमा २७.५ प्रतिशत विद्यार्थीहरूको प्राप्त गरेको छ । अन्य मातृभाषी अधिकांश विद्यार्थी मध्यम श्रेणी प्राप्त गरेकाले अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अवस्था सन्तोजनक रहेको छ ।

नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ११.६ रहेको छ भने मध्यमानभन्दा माथि ६० प्रतिशत र मध्यमानभन्दातल ४० प्रतिशत रहेको छ । त्यसैगरी मानक विचलन २.१७७ रहेको छ । यसकारण नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको छ ।

अन्य मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको १०.२५ रहेको छ । भने मध्यमानभन्दा माथि ४० प्रतिशत मध्यमानभन्दा तल ६० प्रतिशत रहेको छ । त्यसैगरी मानक विचालन २.६१ रहेको छ यस आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता सन्तोषजनक रहेको छ ।

नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान ११.६ रहेको छ भने मानक विचलन २.१७७ रहेको पाइन्छ । त्यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमान १०.२५ रहेको छ भने मानक विचलन २.६०५ रहेको पाइन्छ । मध्यमान र मानक विचलनलाई हेर्दा अन्य

मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सम्पूर्ण आधारलाई मूल्याङ्कन गरेर हेर्दा रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको क्षमतामा एकरूपता नपाइएकाले शिक्षकले विद्यार्थीहरूको रुचि, इच्छा र उनीहरूको समस्या पहिचान गरी प्रशस्त अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ७.३ उपयोगिता

अनुसन्धान एक जटिल कार्य हो । प्रत्येक अनुसन्धानको आफ्नै प्रकारको महत्त्व तथा उपयोगिता रहेको हुन्छ । त्यसै गरी शिक्षक विद्यार्थी, अनुसन्धानकर्ता आदिलाई यो प्रतिवेदन उपयोगी रहेको छ । रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

### ७.३.१ नीतिगत उपयोगिता

यस अनुसन्धानको नीतिगत तहको उपयोगिता निम्नलिखित रहेका छन् :

(क) आधारभूत तहको नेपाली विषयको उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र परिमार्जन गर्न,

(ख) आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र परिमार्जन गर्न,

(ग) आधारभुत तहको नेपाली विषयको पाठ्यक्रम घटनावर्णनसम्बन्धी निश्चित पाठ्यभार र उपयुक्त क्रियाकलाप समावेश गर्न,

(घ) घटनावर्णन सम्बन्धी सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा बढी जोड दिन,

(ङ) नेपाली भाषाको विकास गर्न,

(च) अन्य मातृभाषी विद्यार्थीहरूका लागि नेपाली भाषाका पाठ्यपुस्तक पाठ्यक्रमको निर्माण परिष्कार र परिमार्जन गर्न,

(छ) भाषाविद्, पाठ्यक्रमविद्, पाठ्यपस्तक निर्माण लगायत नीति निर्माण गर्ने सम्पूर्ण निकायलाई नीति निर्माण गर्न उपयोगी रहेको छ ।

### ७.३.२ प्रयोगगत तह

यस अनुसनधानको प्रयोगगत तहको उपयोगितालाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

(क) घटनावर्णन शिक्षणका लागि शिक्षकले प्रभावकारी शिक्षण योजना निर्माण गर्न,

(ख) विद्यार्थी केन्द्रीय विधिको प्रयोग गरी शिक्षण गर्न,

(ग) विद्यार्थीका कमीकमजोरी पत्ता लगाइ शिक्षण गर्न,

(घ) घटनावर्णनको विधि र प्रक्रियाका बारेमा स्पष्ट धारणा निर्माण गरी प्रभावकारी शिक्षण गर्न,

(ङ) शिक्षक विद्यार्थीलाई भाषा सिकाइका क्रममा पृष्ठपोषण प्रदान गरी शिक्षण गर्ने कुरामा सहयोग पुऱ्याउन,

(च) विद्यार्थीहरूलाई घटनावर्णन कार्यकलापमा सक्रिय गराई शिक्षण सिकाई क्रियाकलापलाई रोचक र प्रभावकारी बनाउन,

(छ) शिक्षण सामग्रीको प्रयोग र निर्माण गर्ने कुरामा यसले मार्ग निर्देशन गर्न,

(ज) अन्य भाषिक सिपहरूको विकासमा लागि पनि उपयोगी हुने गर्दछ,

(झ) समय सन्दर्भ परिवेशअनुसार भाषाको प्रयोग गर्न,

(ञ) विद्यार्थीहरूको स्मरण शक्तिको विकास गर्न,

(ट) लेखाइ सीप तथा शब्दभण्डार क्षमताको विकास गर्न,

(ठ) मौखिक र लिखित अभिव्यक्ति क्षमताको विकास् गर्न ।

## ७.४ सुझाव

रामेछाप जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधअध्ययनबाट प्राप्त शोध निष्कर्षका आधारमा घटनावर्णन क्षमताको विकास गराउन सम्बन्धित सबै पक्ष, शिक्षक, अभिभावक पाठ्यक्रविद्, विषय विशेषज्ञ लगायत सरोकारवाला सबै निम्नानुसार सुझाव दिन सकिन्छ :

(क) नेपाली भाषा विषय प्रति अभिभावक तथा विद्यार्थीहरूमा भएको नकारात्मक धारणा हटाएर सकारात्मक धारणाको विकास गराउनु पर्दछ ।

(ख) भाषिक सीपहरूमध्ये लेखाइ सीप महत्त्वपूर्ण सीप भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा अन्य सिपसँग लेखाइ सीपलाई पनि बढी मात्रामा समावेश गनुपर्दछ ।

(ग) कक्षा व्यवस्थापनमा ध्यान दिई बालमैत्री वातावरण निर्माण गरी शिक्षकले शिक्षण गर्नुपर्दछ ।

(घ) प्रत्येक विद्यालयमा नेपाली विषयको शिक्षक नियुक्ति गर्दा नेपाली विषयमानै विशिष्टीकरण गरेका शिक्षक नियुक्ति गर्नु पर्दछ ।

(ङ) विद्यालयमा समय समयमा सिर्जनात्मक लेखन प्रतियोगिताहरू गराउनु पर्दछ ।

(च) कक्षा कार्यकलाप गराउँदा सक्षम विद्यार्थीलाई मात्र सहभागी नगराई सक्षम र असक्षम सबैलाई सहभागी गराउनुपर्दछ ।

(छ) प्रत्येक विद्यालयमा पुस्ताकालयको व्यवस्था गराउनु पर्दछ ।

(ज) नेपाली मातृभाषी विद्यार्थीहरूको अन्य मातृभाषी विद्यार्थीहरूको क्षमता कमजोर देखिएकाले कक्षामा अन्य मातृभाषीलाई प्राथमिकता दिई उनीहरूको रुचि इच्छा र आवश्यकता अनुसार शिक्षण गर्नुपर्दछ ।

(झ) कक्षामा अध्ययनरत विद्यार्थीहरूले घटनावर्णन क्षमताका क्रममा विशेष गरी भाषिक संयोजन, शुद्धता विषयवस्तुको सङ्गठन मौलिकता जस्ता पक्षमा त्रुटि गरेकाले यस्ता पक्षको बारेमा स्पष्ट जानकारी गराई पृष्ठपोषण गराउनु पर्दछ ।

(ञ) घटनावर्णन क्षमतामा सबल बनाउन विद्यार्थीलाई प्रशस्त अभ्यास गराउनु पर्दछ ।

(ट) विद्यार्थीहरूलाई शैक्षिक सत्रमा शैक्षिक अवलोकन जस्ता कार्यक्रममा सहभागी हुने अवसर प्रदान गर्नु पर्दछ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद (२०६४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : दीक्षान्त प्रकाशन ।

खनाल,पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनलाइट पब्लिकेसन ।

गौतम, पवित्रा (२०६७), *कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौंः शुभकामना प्रकाशन ।

ढकाल, लेखनाथ (२०७२), *महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, दुर्गादेवी (२०७३), *स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, बलराम (२०७३), *तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूहरूको चिठीलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौंः विद्यार्थी प्रकाशन ।

भण्डारी, पारसमणि, ओझा, रामनाथ र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौंः पिनाकल पब्लिकेशन ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

राई, सुस्मिता (२०७३), *इलाम जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामा, सिर्जना (२०७५), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, गोपाल (२०७३), *बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट 'क'

अध्ययनका लागि प्रयोग गरिएका विद्यालयको नामावली र विद्यार्थीहरूले घटनावर्णनका क्रममा उपलब्ध प्राप्ताङ्क प्रस्तुत अध्ययनका निम्ति प्रयोगमा ल्याएका सामुदायिक विद्यालयहरूको नामावली यसप्रकार राखिएको छ :

१. श्री कृष्ण माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका- ७ रामेछाप

२. श्री प्रगतिशील माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका - ३ रामेछाप

३. श्री वागेश्वरी आधारभूत विद्यालय, खाँडादेवी गाउँपालिका - १ रामेछाप

४. श्री विष्णु जनज्योति माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका - ६ रामेछाप

५. श्री बुद्ध भवानी माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका - ६ रामेछाप

६. श्री भीमेश्वर प्रसुना कडेल माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका - ४ रामेछाप

७. श्री माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका - १ रामेछाप

८. श्री मानेडाँडा माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका - ९ रामेछाप

## अध्ययनमा सहभागी विद्यार्थीहरूको नामावली र प्राप्ताङ्कको सूची

१.    श्री कृष्ण माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-७, रामेछाप

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | पवन पौडेल | ११ | ५५ |
| २ | संगम नेपाली | १२ | ६० |
| ३ | सन्दिप के.सी | ११ | ५५ |
| ४ | सुनिल तामाङ | ११ | ५५ |
| ५ | विराज तामाङ | ११ | ५५ |
| ६ | नैना कुमारी थामी | ८ | ४० |
| ७ | दिलमाया थामी | ९ | ४५ |
| ८ | अनिता कार्की | ६ | ३० |
| ९ | भूमिका के.सी | १२ | ६० |
| १० | उषा मोक्तान | ११ | ५५ |

२.    श्री प्रगतिशील माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-३, रामेछाप

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | कृष के.सी | १२ | ६० |
| २ | सुगम के.सी | १० | ५० |
| ३ | प्रविन मगर | १० | ५० |
| ४ | कैलाश जर्का | १० | ५० |
| ५ | अनिश तामाङ | ८ | ४० |
| ६ | गोमा के.सी | १४ | ७० |
| ७ | विमला नेपाली | १० | ५० |
| ८ | भावना राउत | १२ | ६० |
| ९ | इन्दिरा बर्देवा | ७ | ३५ |
| १० | निर्मला घिसिङ | १० | ५० |

३. श्री वागेश्वरी आधारभूत विद्यालय, खाँडादेवी गाउँपालिका-१, रामेछाप

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | गेसन के.सी | १४ | ७० |
| २ | कुशल नेपाली | १० | ५० |
| ३ | सुरेश तामाङ | ११ | ५५ |
| ४ | संगम तामाङ | १० | ५० |
| ५ | सुसन तामाङ | १५ | ७५ |
| ६ | प्रतिमा कार्की | १० | ५० |
| ७ | सुरेखा के.सी | १३ | ६५ |
| ८ | निलम मोटतान | ८ | ४० |
| ९ | विना घिसिङ्ग | ७ | ३५ |
| १० | अनमिका श्रेष्ठ | १० | ५० |

४) श्री विष्णु माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-६, रामेछाप

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | राजिव राउत | १४ | ७० |
| २ | शिवहरी राय | १५ | ७५ |
| ३ | विवेक मगर | ९ | ४५ |
| ४ | निशान तामाङ | १४ | ७० |
| ५ | सुसन तामाङ | १५ | ७५ |
| ६ | जानभी के.सी | १५ | ७५ |
| ७ | जानुका कार्की | १४ | ७० |
| ८ | निस्ता कार्की | १२ | ६० |
| ९ | रुद्रकला श्रेष्ठ | १५ | ७५ |
| १० | गरिमा थोकर | १५ | ७५ |

५)   श्री बुद्ध भवानी माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-६, रामेछाप

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | आरूप कार्की दोली | १० | ५० |
| २ | नमराज नेपाली | ९ | ४५ |
| ३ | लक्ष्मण के.सी | १३ | ६५ |
| ४ | एविस योन्जन | ७ | ३५ |
| ५ | निखिल योन्जन | ५ | २५ |
| ६ | अञ्जना खत्री | १२ | ६० |
| ७ | मविता बुढाथोकी | ७ | ३५ |
| ८ | सौजता थोकर | ११ | ५५ |
| ९ | रचना श्रेष्ठ | १२ | ६० |
| १० | संगीता घिसिङ्ग | १३ | ६५ |

६)   श्री भीमेश्वर प्रसुन कंडेल माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-४, रामेछाप

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | रामचन्द्र खत्री | १२ | ६० |
| २ | संगम बुढाथोकी | १२ | ६० |
| ३ | रूपक तामाङ | ८ | ४० |
| ४ | रस्मित घिसिङ्ग | १० | ५० |
| ५ | दिनेश वाइबा | ९ | ४५ |
| ६ | सगीता घिसिङ | १२ | ६० |
| ७ | सचिना के.सी | १४ | ७० |
| ८ | सुस्मिता कार्की | १५ | ७५ |
| ९ | दिया थापामगर | ११ | ५५ |
| १० | विनिता थापा | १२ | ६० |

७. श्री माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-१, रामेछाप

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | सिसिर के.सी | ९ | ४५ |
| २ | प्रशान्त बुढाथोकी | ११ | ५५ |
| ३ | कृष्ण घिमिरे | १२ | ६० |
| ४ | सन्जय लामा | ८ | ४० |
| ५ | रिकेश लामा | ९ | ४५ |
| ६ | अर्विता थापा | १३ | ६५ |
| ७ | मविता थापा | ७ | ३५ |
| ८ | सुनिता तामाङ | ८ | ४५ |
| ९ | प्रविना श्रेष्ठ | ७ | ३५ |
| १० | नीमा घिसिङ्ग | १० | ५० |

८. श्री मानेडाँडा माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिका-९, रामेछाप

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | प्रसन्न बुढाथोकी | १४ | ७० |
| २ | विवेक के.सी | १३ | ६५ |
| ३ | मनोज तामाङ | १० | ५० |
| ४ | रूपक श्रेष्ठ | १२ | ६० |
| ५ | सचिन तामाङ | १५ | ७५ |
| ६ | सम्झना थापा | १२ | ६० |
| ७ | मेलिना बुढाथोकी | ९ | ४५ |
| ८ | कृतिका कार्की | १० | ५ |
| ९ | सजिना श्रेष्ठ | १३ | ६५ |
| १० | रूपा मोक्तान | ७ | ३५ |

# व्यक्तिवृत्त

नाम : पार्वती के.सी.

जन्ममिति : २०५१/०४/०७

ठेगाना : खाँडादेवी गाउँपालिका-०६, रामेछाप

बुवाको नाम : रिपबहादुर खत्री

आमाको नाम : शान्ता के.सी.

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८६१३४५७११

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री प्रागेश्वर उ.मा.वि., रामेछाप | २०६५ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री प्रागेश्वर उ.मा.वि., रामेछाप | २०६९ | द्वितीय |
| स्नातक तह (बी.एड.) | गणेशमान सिंह बहुमुखी क्याम्पस, काठमाडौँ | २०७२ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |